**मिति २०७०।०८।२६ गते बसेको राष्ट्रिय पोषण तथा खाद्य सुरक्षा समन्वय समितिका निर्णयहरू**

१ कार्यक्रमको शुरुमा बहुक्षेत्रीय पोषण योजनाको अद्यावधिक स्थिति बारे जनाकारी गराइयो ।

२ बैठकबाट प्राप्त सुझावहरूलाई समेत समेटी देहायबमोजिमका तीनवटा बहुक्षेत्रीय विषयगत कार्यसमूह गठन गरी र तीनको जिम्मेवारी /भूमिका तय गर्ने निर्णय भयो ।

(क) बहुक्षेत्रीय क्षमता विकास

(ख) अनुगमन मूल्याङ्कन तथा व्यवस्थापन सूचना प्रणाली

(ग) पैरवी तथा संचार

३ बहुक्षेत्रीय पोषण योजना सम्बन्धी प्रशिक्षक प्रशिक्षण Training Manual लाई विभिन्न संस्थाको Training Manual समेत अध्ययन गरी माथि गठन गरिएको क्षमता विकास कार्यसमूहले परिमार्जन गर्ने र उपयुक्त समय तालिका तोकी केन्द्रिय स्तरको प्रशिक्षक प्रशिक्षण कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

४ बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनकालागि बजेट व्यवस्थापन गर्ने विषय अहम भएकाले यसका लागि नेपाल सरकार तथा बाह्य विकास साझेदारबाट स्रोत व्यवस्थापन गर्न दुवैतर्फबाट थप पहल गर्ने निर्णय भयो ।

५ राष्ट्रिय पोषण तथा खाद्य सुरक्षा समन्वय समितिमा समितिका संयोजकका तर्फबाट पोषण तथा खाद्य सुरक्षा विषयका विज्ञका रुपमा २/२ गरी जम्मा ४ जना विज्ञ सदस्यहरू मनोनयन गर्ने व्यवस्था रहेकोमा हालसम्म मनोनित हुन नसकेकाले सो पदमा मनोनयनका लागि निजी क्षेत्र, गैरसरकारी संघसंस्था तथा नागरिक समाजबाट संभावित व्यक्तिहरूको नाम राष्ट्रिय पोषण तथा खाद्य सुरक्षा सचिवालय समक्ष सिफारिस गरी पठाउन बैठकमा उपस्थित हुनु भएका सहभागीलाई अनुरोध गरियो ।

६ वार्षिक बजेट तथा कार्यक्रममा MSNP Sensitive Budget Code सहित आवश्यक बजेटको व्यवस्थाका लागि पहल गर्ने निर्णय भयो ।

**(क)बहुक्षेत्रीय क्षमता विकास कार्यसमूहको गठन, भूमिका तथा जिम्मेवारी :**

<u>गठन ( **Composition**)</u>

राष्ट्रिय योजना आयोगको सचिवालय सामाजिक, विकास महाशाखा प्रमुखको अध्यक्षता र कृषि तथा ग्रामीण विकास महाशाखा प्रमुखको सहअध्यक्षमा बहुक्षेत्रीय क्षमता विकास विकास समूहको गठन हुनेछ । सदस्य सचिवको रुपमा राष्ट्रिय योजना आयोगको सचिवालय स्वास्थ्य तथा जनसंख्या शाखा प्रमुख र कृषि, वन तथा भूमिसुधार शाखा प्रमुखले कार्य गर्नु हुनेछ । यस समूहलाई आवश्यक सहयोग गर्नका लागि आवश्यकता अनुसार कार्यसमूहले विशिष्टीकृत समूह(**Core Group**) हरू गठन गर्न सक्नेछ ।

- सह सचिव, सामाजिक विकास महाशाखा, राष्ट्रिय योजना आयोगको सचिवालय
- सह सचिव, कृषि तथा ग्रामीण विकास महाशाखा, राष्ट्रिय योजना आयोगको सचिवालय
- उप सचिव, पोषण सम्पर्क व्यक्ति, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग, बाल स्वास्थ्य महाशाखा, पोषण शाखा
- उप सचिव, पोषण सम्पर्क व्यक्ति, कृषि विकास मन्त्रालय
- उप सचिव, पोषण सम्पर्क व्यक्ति, शिक्षा मन्त्रालय
- उप सचिव, पोषण सम्पर्क व्यक्ति, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
- उप सचिव, पोषण सम्पर्क व्यक्ति, शहरी विकास मन्त्रालय
- उप सचिव, पोषण सम्पर्क व्यक्ति, महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय
- प्रतिनिधि, राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र
- प्रतिनिधि, कृषि तालिम निर्देशनालय
- प्रतिनिधि, स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान
- पोषण सम्पर्क व्यक्ति, युनिसेफ
- पोषण सम्पर्क व्यक्ति, विश्व स्वास्थ्य संगठन
- पोषण सम्पर्क व्यक्ति, विश्व खाद्य कार्यक्रम
- पोषण सम्पर्क व्यक्ति, खाद्य तथा कृषि संगठन
- प्रतिनिधि स्वास्थ्य विज्ञ, विश्व बैंक
- प्रतिनिधि/पोषण सम्पर्क व्यक्ति, युरोपियन युनियन नेपाल मिसन

- प्रतिनिधि पोषण सम्पर्क व्यक्ति, यू. एस .एड नेपाल
- प्रतिनिधि, सेभ द चिल्ड्रेन वा सुआहारा कार्यक्रम
- प्रतिनिधि, हेलेन केलर इन्टरनेसनल
- प्रतिनिधि, चिकित्स शास्त्रा अध्ययन संस्थान, त्रि.वि.वि
- कार्यक्रम अधिकृत(पोषण) राष्ट्रिय पोषण तथा खाद्य सुरक्षा सचिवालय, राष्ट्रिय योजना आयोग
- कार्यक्रम निर्देशक, स्वास्थ्य, पोषण तथा जनसंख्या शाखा, राष्ट्रिय योजना आयोगको सचिवालय
- कार्यक्रम निर्देशक, कृषि, वन तथा भूमि सुधार शाखा, राष्ट्रिय योजना आयोगको सचिवालय

**भूमिका तथा जिम्मेवारी( Role and Responsibility)**

- क्षमता विकास (बहुक्षेत्रीय तथा विषयगत) सम्बन्धी आवश्यकताको पहिचान तथा पुनरावलोकन गर्ने ।
- क्षमता विकासकालागि अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन विशिष्ट क्रियाकलापहरु कार्यान्वयनकालागि लागत सहितको गुरुयोजना तयार गरी समन्वय समितिमा पेश गर्ने ।
- बहुक्षेत्रीय पोषण योजनाका आधारभूत पक्षहरुलाई सेवापूर्व , सेवाकालीन तालिम तथा शैक्षिक पाठ्यक्रममा समावेश गर्न क्षमता विकासकालागि सम्बद्ध मुख्य निकायहरुको नीति, योजना, रणनीति तथा क्रियाकलापहरु तय गर्न प्राविधिक तथा व्यवस्थापकीय सुझाव तथा सहयोग प्रदान गर्ने ।
- पोषण तथा खाद्य सुरक्षा कार्यक्रमलाई विस्तार गर्दै क्षमता विकास सम्बन्धी कार्यक्रम कार्यान्वयनको सुपरिवेक्षण तथा अनुगमन गर्ने ।
- पोषण संवेदनशील र पोषण विशेष कार्यक्रम कार्यान्वयनका लागि उपयुक्त रणनीति अख्तियार गर्दै विभिन्न तहमा पोषण क्षेत्रमा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धि गर्ने साथै पोषण सम्बन्धी क्षमताको सवालमा समझदारी र प्राथमिकीकरणका लागि चेतना अभिवृद्धि गर्न सम्बन्धीत मन्त्रालयहरुसग सहकार्य गर्ने ।
- क्षमता विकासका लागि सरकारी तथा गैर सरकारी श्रोतको सदुपयोग सुनिश्चित गर्न पहल गर्ने ।
- विषयगत क्षेत्रको क्षमता विकास योजना तर्जुमामा सम्बन्धित मन्त्रालय र सहयोगी संस्थाहरुलाई सहयोग तथा सहजीकरण गर्ने ।
- पोषण संवेदनशील र पोषण विशेष कार्यक्रमका विषयमा न्यूनतम साझा बुझाई कायम गर्दै बहुक्षेत्रीय पोषण कार्यान्वयनका लागि विषयगत निकाय , साझेदार संस्था र कार्यक्रमका बीचमा समन्वय कायम गर्न सघाउने ।
- जि.वि.स, नगरपालिका तथा गा.वि.स. को पोषण तथा खाद्य सुरक्षा सम्बन्धी क्षमता अभिवृद्धि गर्ने ।
- क्षमता विकासको लागि आवश्यकता अनुसार विज्ञ टोली निर्माण गरी परिचालन गर्ने ।

- बहुक्षेत्रीय पोषण योजनालाई ध्यानमा राखी पोषण (संवेदनशील तथा विशेष) तथा खाद्य सुरक्षा सवन्धी कार्यक्रम व्यवस्थापनमा संवन्धित संस्थाहरुलाई सहयोग तथा सहजीकरण गर्ने ।
- सम्बद्ध क्षेत्रमा कार्यरत कर्मचारीहरुको ज्ञान तथा सीप विश्लेषण गरी ज्ञान तथा सीप विकासका लागि अवलम्वन गर्नुपर्ने उपायहरु संवन्धित क्षेत्रलाई सिफारिश गर्ने ।
- पोषण तथा खाद्य सुरक्षा क्षेत्रको अध्ययन अनुसन्धानमा सहजीकरण गर्ने ।
- तालिम प्राप्त जनशक्तिको ज्ञान र सीपको सदुपयोग भए नभएको यकिन गर्न क्षमता विकास सम्बन्धी क्रियाकलापको अनुगमन गर्न सहयोग गर्ने ।
- पोषण तथा खाद्य सुरक्षाकालागि साभ्फेदारी प्रवर्द्धन र प्रभावकारी बनाउन उच्चस्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति तथा राष्ट्रिय पोषण तथा खाद्य सुरक्षा समन्वय समितिलाई सहयोग गर्ने ।
- पैरवी , सचार तथा अनुगमन , मूल्यांकन र व्यवस्थापन सूचना प्रणाली सम्वन्धि कार्यसमूहसंग सहकार्य र समन्वय गर्ने ।

**(ख)अनुगमन र मूल्यांकन तथा व्यवस्थापन सूचना प्रणाली कार्यसमूहको गठन, भूमिका तथा जिम्मेवारी**

**गठन( Composition)**

राष्ट्रिय योजना आयोगको सचिवालय, सामाजिक विकास महाशाखा प्रमुखको अध्यक्षता र कृषि तथा ग्रामीण विकास महाशाखा प्रमुखको सहअध्यक्षमा अनुगमन र मूल्याकन तथा व्यवस्थापन सूचना प्रणाली कार्यसमूह गठन हुनेछ । सदस्य सचिवको रुपमा राष्ट्रिय योजना आयोगको सचिवालय स्वास्थ्य तथा जनसंख्या शाखा प्रमुख र कृषि, वन तथा भूमिसुधार शाखा प्रमुखले कार्य गर्नु हुनेछ ।

उच्च सरकारी पदाधिकारी, विकास साभ्फेदार निकायका प्रतिनिधिहरूको संलग्नतामा रहने यस कार्य समूहलाई आवश्यक सहयोग गर्नका लागि कार्य समूहले बिभिन्न सरोकारवाला संस्थाहरुका अनुगमन तथा मूल्याकन एव योजना शाखामा कार्यरत अधिकृतहरुको संलग्नतामा अनुगमन तथा मूल्याङकन र व्यवस्थापन सूचना प्रणाली सम्बन्धी छुट्टाछुट्टै विशिष्टीकृत समूहहरू **(Core Groups)** गठन गर्न सकिनेछ । कार्य समूहले समूहहरुको संयोजक समूहबाटै छनौट गर्नेछ ।

- सह सचिव , सामाजिक विकास महाशाखा , राष्ट्रिय योजना आयोगको सचिवालय
- सह सचिव, कृषि तथा ग्रामिण विकास महाशाखा, "
- कार्यक्रम निर्देशक , स्वास्थ्य , पोषण तथा जनसंख्या शाखा , सामाजिक विकास महाशाखा "
- कार्यक्रम निर्देशक , कृषि ,वन तथा भूमिसुधार शाखा, , कृषि तथा ग्रामिण विकास महाशाखा, "
- कार्यक्रम निर्देशक ,अनुगमन तथा मूल्यांकन शाखा , अनुगमन तथा मूल्यांकन महाशाखा , "

- उप सचिव , अनुगमन तथा मूल्यांकन महाशाखा, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
- जन स्वास्थ्य अधिकृत , अनुगमन तथा मूल्याकन शाखा, स्वास्थ्य सेवा विभाग , स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
- निर्देशक, स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली शाखा ,व्यवस्थापन महाशाखा , स्वास्थ्य सेवा विभाग ,स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
- उप सचिव ,अनुगमन तथा मूल्यांकन /जिल्ला गरिबी अनुगमन प्रणाली , संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
- उप सचिव , योजना महाशाखा (पोषण तथा खाद्य सुरक्षा), सघीय मामिला तथा स्थानिय विकास मन्त्रालय
- उप सचिव, अनुगमन तथा मूल्यांकन महाशाखा, कृषि बिकास मन्त्रालय
- उप सचिव, तथ्यांक र कृषि व्यापार महाशाखा, कृषि विकास मन्त्रालय
- उप सचिव खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग ,कृषि विकास मन्त्रालय
- उप सचिव, अनुगमन तथा मूल्यांकन शाखा, शिक्षा विभाग , शिक्षा मन्त्रालय
- उप सचिव,शिक्षा व्यवस्थापन सूचना प्रणाली ,शिक्षा मन्त्रालय
- उप सचिव, अनुगमन तथा मूल्यांकन महाशाखा, शहरी विकास मन्त्रालय
- कम्प्युटर अधिकृत , व्यवस्थापन सूचना प्रणाली शाखा , राष्ट्रिय योजना आयोगको सचिवालय
- प्रतिनिधि, खाद्य तथा कृषि संगठन
- प्रतिनिधि, यूनिसेफ
- प्रतिनिधि, विश्व खाद्य संगठन
- प्रतिनिधि, यूसएड
- प्रतिनिधि, विश्व बैंक
- प्रतिनिधि, यूरोपियन यूनियन
- प्रतिनिधि,सुआहारा
- प्रतिनिधि, किसान
- प्रतिनिधि,सेभ द चिल्ड्रेन

- प्रतिनिधि, नेपाल कृषि अनुसन्धान परिषद्
- प्रतिनिधि, नेपाल स्वास्थ्य अनुसन्धान परिषद्
- प्रतिनिधि, चिकित्सा शास्त्र अध्ययन संस्थान , त्रि.वि.वि.
- प्रतिनिधि, न्युट्रिसन इन्नोभेसन ल्याव , त्रि.वि.वि. शिक्षण अस्पताल

**भूमिका र जिम्मेवारी ( Role and Responsibility)**

- बहुक्षेत्रीय पोषण योजनाका सूचकहरुलाई पुनरावलोकन गरी अन्तिम रुप दिने ।
- परिभाषित सूचकको अनुगमन , अभिलेखन तथा प्रतिवेदनका लागि सरोकारवालाहरुको भूमिका र जिम्मेवारी पहिचान गर्ने ।
- नेपाल सरकार राष्ट्रिय योजना आयोगको अनुगमन तथा मूल्याकन निर्देशिकाको अधिनमा रही अनुगमन तथा मूल्यांकन योजना तथा निर्देशिका तयार गर्ने ।
- बहुक्षेत्रीय पोषण योजनाकालागि आधाररेखा तयार गर्ने र क्रमशः मध्यावधी र अन्तिम मूल्यांकन गराउने ।
- मन्त्रालय तथा जिल्लास्तरीय अनुगमन तथा मूल्याकन सम्बन्धी तालिम संचालन गर्न सहयोग गर्ने
- पोषण तथा खाद्य सुरक्षाका गतिविधिको कार्यान्वयन प्रगति प्रतिवेदन संयन्त्र विकास गर्ने ।
- संयुक्त अनुगमन क्रियाकलाप संचालन गर्ने ।
- विषयगत निकायहरुको बीचमा अनुगमन तथा मूल्याकंन क्रियाकलापको समन्वय गर्ने ।
- बहुक्षेत्रीय पोषण योजनाको कार्यान्वयन पश्चात प्रगति तथा प्रभावको मूल्यांकन गर्न लागत तथा खर्च अनुगमन गर्ने विधि पहिचान गर्ने/गराउने ।
- अनुगमन तथा मूल्यांकनका लागि उपयुक्त प्रशासनिक तथा व्यवस्थापकीय संयन्त्र् पहिचान गरी परिचालन गर्ने ।
- विभिन्न निकायहरुले प्रयोगमा ल्याएका सुचनाहरुलाई जिल्ला तथा केन्द्रमा अद्यावधिक गर्ने र तिनको सदुपयोग गर्ने संयन्त्र विकास गरी सबै क्षेत्रको संलग्नता सुनिश्चित गर्ने
- क्षेत्रगत पोषण तथ्यांकलाई राष्ट्रिय तथा जिल्लातहको योजना तर्जुमामा प्रयोग गर्न आवश्यक संयन्त्रको विकास गर्ने ।
- बहुक्षेत्रगत र क्षेत्रगत योजना तर्जुमाकालागि  संयुक्त तथ्यांक प्रमाणीकरण तथा विश्लेषण सम्बन्धी कार्यक्रम आयोजन गर्ने ।
- क्षेत्रगत व्यवस्थापन सूचना प्रणालीका तथ्यांकलाइं विषयगत क्षेत्रले प्रयोग गर्न सक्ने गरी केन्द्र र जिल्लामा रहेका कर्मचारीलाई तालिम प्रदान गर्ने

(ग)बहुक्षेत्रीय पैरवी तथा संचार समूहको गठन , भूमिका तथा कार्यजिम्मेवारी

गठन( Composition)

राष्ट्रिय योजना आयोगको सचिवालय सामाजिक, विकास महाशाखा प्रमुखको अध्यक्षता र कृषि तथा ग्रामीण विकास महाशाखा प्रमुखको सहअध्यक्षमा बहुक्षेत्रीय पैरवी तथा संचार समूहको गठन हुनेछ । सदस्य सचिवको रुपमा राष्ट्रिय योजना आयोगको सचिवालय स्वास्थ्य तथा जनसंख्या शाखा प्रमुख र कृषि, वन तथा भूमिसुधार शाखा प्रमुखले कार्य गर्नु हुनेछ । यस समूहलाई आवश्यक सहयोग गर्नका लागि आवश्यकता अनुसार कार्यसमूहले विशिष्टीकृत समूह(**Core Group**) हरू गठन गर्न सक्नेछ ।

- सह सचिव, सामाजिक विकास महाशाखा, राष्ट्रिय योजना आयोगको सचिवालय
- सह सचिव, कृषि तथा ग्रामीण विकास महाशाखा, राष्ट्रिय योजना आयोगको सचिवालय
- निर्देशक राष्ट्रिय स्वास्थ्य शिक्षा तथा सूचना केन्द्र, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
- कार्यक्रम निर्देशक, स्वास्थ्य, पोषण तथा जनसंख्या शाखा, राष्ट्रिय योजना आयोगको सचिवालय
- कार्यक्रम निर्देशक, शिक्षा शाखा, राष्ट्रिय योजना आयोगको सचिवालय,
- कार्यक्रम निर्देशक, स्थानीय विकास शाखा, राष्ट्रिय योजना आयोगको सचिवालय
- कार्यक्रम निर्देशक, कृषि, वन तथा भूमि सुधार शाखा, राष्ट्रिय योजना आयोगको सचिवालय
- कार्यक्रम निर्देशक सिंचाइ तथा खानेपानी शाखा, राष्ट्रिय योजना आयोगको सचिवालय
- उप सचिव, पोषण तथा खाद्य सुरक्षा सम्पर्क व्यक्ति, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
- उप सचिव, पोषण तथा खाद्य सुरक्षा सम्पर्क व्यक्ति, कृषि विकास मन्त्रालय
- उप सचिव, पोषण तथा खाद्य सुरक्षा सम्पर्क व्यक्ति, शिक्षा मन्त्रालय
- उप सचिव, पोषण तथा खाद्य सुरक्षा सम्पर्क व्यक्ति, शहरी विकास मन्त्रालय
- उप सचिव, पोषण तथा खाद्य सुरक्षा सम्पर्क व्यक्ति, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय
- उप सचिव, पोषण तथा खाद्य सुरक्षा सम्पर्क व्यक्ति, सूचना तथा सचार मन्त्रालय
- पोषण सम्पर्क व्यक्ति, विश्व स्वास्थ्य संगठन
- पोषण सम्पर्क व्यक्ति, खाद्य तथा कृषि संगठन
- पोषण सूचना सम्पर्क व्यक्ति, यूएसएड नेपाल

- सचार /पोषण सम्पर्क व्यक्ति, युरोपियन युनियन
- प्रतिनिधि, चिकित्सा शास्त्र अध्ययन संस्थान, त्रि.वि.वि.
- पोषण प्रमुख, युनिसेफ
- पोषण सम्पर्क व्यक्ति, विश्व खाद्य कार्यक्रम

**भूमिका र जिम्मेवारी ( Role and Responsibility)**

- संयुक्त रुपमा कार्यान्वय गर्न सकिने पैरवी र संचार सम्बन्धित क्रियाकलापहरू पहिचान गर्न आवश्यकताका आधारमा प्राविधिक तथा वित्तीय सहयोग उपलब्ध गराउन आवश्यक पहल गर्ने ।
- सरोकारवालाका बीच सन्देश र त्यसको प्रशारण विधिलाई एकीकरण गर्न समन्वय गर्ने ।
- एकहजार सुनौला दिन अभियानलाई समेटेर संचारका सामाग्रीहरूको निर्माण, उत्पादन तथा वितरण गर्ने प्रमुख निकायलाई सहयोग प्रदान गर्ने ।
- बहुक्षेत्रीय पोषण योजनासँग सम्बन्धित सबै तहमा पैरवी तथा संचार क्रियाकलापको योजना, कार्यान्वयन र अनुगमन गर्न सहयोग गर्ने ।
- राष्ट्रिय पोषण तथा खाद्य सुरक्षा सचिवालयबाट चौमासिक रुपमा समाचार प्रकाशित गरी वितरण गर्नका लागि सम्बन्धित क्षेत्रहरूबीच सूचना आदान प्रदान गर्ने ।
- नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू र अन्य विकास सहयात्रीहरूको पोषण तथा खाद्य सुरक्षा सम्बन्धी क्रियाकलाप सम्बन्धमा सचेतना अभिवृद्धि तथा तिनका प्राथमिकीकरण गरी लगानी वृद्धि गर्न आवश्यक पैरवी गर्ने ।
- पोषण तथा खाद्य सुरक्षाका बारेमा सिकेका ज्ञान तथा उत्तम अभ्यासलाई सूचनाको रुपमा विभिन्न निकायहरूबीच आदान प्रदान गर्न सहजीकरण गर्ने ।
- प्रत्येक सम्बन्धित क्षेत्रका लागि पैरवी र संचारसंग सम्बन्धित खास विषयलाई संबोधनका लागि आवश्यक कार्य गर्न उपसमूह गठन गर्ने ।
- पोषण तथा खाद्य सुरक्षाका बारेमा विद्युतीय तथा छापा संचारमाध्यम एवम् संचारकर्मीको क्षमता विकास गर्न संचार माध्यमलाई सहयोग उपलब्ध गराउने ।
- पोषण तथा खाद्य सुरक्षाका बारेमा प्रभावकारी रुपमा सूचना प्रवाह गर्नका लागि संचार माध्यमसंग समन्वय गरी सूचना उपलब्ध गराउने ।
- नेपाल पोषण वेब पेजमा सूचना समावेश गर्न सूचना उपलब्ध गराउने ।
- केन्द्र, जिल्ला र स्थानीय तहमा व्यवहार परिवर्तन सम्बन्धी पैरवी र संचारका क्रियाकलापहरू कार्यान्वयन गर्न प्राविधिक सहयोग उपलब्ध गराउने ।